# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: ५ मिति: १० असोज, २०७८ साल

# भाग-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको जलवायु मैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७८

**प्रस्तावनाः** नेपालमा जल, जङ्गल, जमिन अति महत्वपूर्ण प्राकृतिक स्रोतहरु हुन् । प्राकृतिक, मानवीय तथा जलवायु परिवर्तनका कारणहरुबाट यस्ता स्रोतहरुसँग अन्तरसम्बन्धित पारिस्थितिक प्रणालीहरुको सन्तुलन बिग्रन गएको देखिन्छ। भू-स्खलन, नदी किनारा कटान, भू-उत्पादकत्वमा ह्रास, पानी स्रोतहरु सुक्दै जाने, अतिवृष्टि, अनावृष्टि जस्ता समस्याहरूले समग्र कृषि प्रणाली र जनजीवनमा नकारात्मक प्रभाव बढ्दै गएको देखिन्छ। यसरी प्राकृतिक अवस्था तथा प्रकृया, मानवीय कृयाकलाप र जलवायुमा आएको परिवर्तनबाट पर्न गएको वातावरणीय असरलाई सन्तुलित तवरले व्यवस्थापन गर्न आवश्यक रहेको देखिन्छ। प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापन गर्न बहु क्षेत्रगत र बहु आयामिक विषयगत क्षेत्रहरुलाई समन्वयात्मक र एकीकृत तवरले योजना तर्जूमा र कार्यान्वयनमा सकृय तवरले संचालित गर्न सकिएको अवस्थामा मात्रै पारिस्थितीकीय सन्तुलन कायम राख्दै समुदायहरुको जिविकोपार्जन र आर्थिक समृद्धिमा योगदान गराउन सकिन्छ ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको भौगोलिक बनावटमा विविधता छ। जहां भिरपाखा, जंगल, खोल्साखोल्सी र वेशीजस्ता धरातलीय स्वरुपहरू पाइन्छ। समुन्द्री सतहबाट ७०० मिटर देखि २२५० मिटरसम्मको विविधता रहेको हुँदा भू-धरातलीय स्वरुपमा समेत उचाई अनुसारको विविधता रहेको छ । मध्यपहाडी लोकमार्ग र अन्य ग्रामीण सडकहरुको निर्माणले यातायातको सुगमता वढाए तापनि वर्षातको समयमा अत्यधिक पहिरो तथा भू-स्खलनले यिनीहरुको दिगोपनामा समस्या देखिएको छ। कृषि, पशुपन्छीपालन, नगदेवाली, लघु-उद्यमको क्षेत्र महत्वपूर्ण सम्भावना बोकेको यस नगरपालिकामा अवस्थित प्राकृतिक स्रोत साधनहरुको एकीकृत जलाधार व्यवस्थापनको सिद्धान्त अनुरुप दिगो सन्तुलित संरक्षण, सम्बर्द्धन र उपयोग गर्दै आर्थिक समृद्धिमा जोड्न अपरिहार्य रहेकोले,

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सहित स्थानीय नेतृत्वको शासन पद्धतिलाई सुदृढ गरी गुणस्तरीय सेवा मार्फत एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कृयाकलापहरुको योजना तर्जूमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनका लागि उपयुक्त समन्वय संयन्त्र सहितको कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२) को खण्ड (ञ) (ट) (ण) (न) (प) र उपदफा (४) को खण्ड (ङ) को अधिकार प्रयोग गर्न सोही दफाको उपदफा (७) बमोजिम दिक्तेल रुपाकोट मझुवागढी नगरपालिको नगर कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः** (क) यस निर्देशिकाको नाम "दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको जलवायु मैत्री एकीकृत जलाधार व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७८" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२) **अर्थ र परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) “नगरपालिका” भन्नाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका सम्झनु पर्दछ ।

(ख) “वातावरण” भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्दछ।

(ग) “जलवायु परिवर्तन” भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतरचढावका अलावा प्रत्यक्ष

वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनौटमा हुने फेरवदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्दछ ।

(घ) "भू तथा जलाधार संरक्षण" भन्नाले बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपबाट कुनै क्षेत्रलाई नष्ट हुनबाट रोक्ने वा बचाउने तथा पानीको आयतन र बहावलाई सामान्य स्थितिमा राख्ने वा पानीको बहावलाई धमिलो हुन नदिई स्वच्छता बनाई राख्ने कार्य सम्झनु पर्दछ ।

(ङ) "जलाधार क्षेत्र" भन्नाले पानी बहावको ढलो जहाँबाट पानी बग्दै एक निश्चित नदी, खोलामा मिसिई साझा बिन्दुबाट बाहिर हुन्छ, त्यस्तो क्षेत्रलाई जनाउँछ ।

(च) "एकीकृत जलाधार व्यवस्थापन" भन्नाले जल, जंगल, जमीन तथा अन्य प्राकृतिक श्रोतहरुको सन्तुलित र दिगो व्यवस्थापन गर्दै पर्यावरणीय सन्तुलन समेतलाई जनाउँछ ।

(छ) "न्यूनीकरण" भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहोर मैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्दछ ।

(ज) "जैविक विविधता" भन्नाले पारिस्थितिकीय प्रणालीको विविधता, प्रजातीय विविधता तथा वंशाणु विविधता सम्झनु पर्दछ ।

(झ) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आंकलन गरी थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ञ) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस वा अन्य कुनै ग्याँस, धुँवा वा धुलो निष्काशन हुने कार्य सम्झनु पर्दछ ।

## परिच्छेद - २

३) **निर्देशिकाको पालनाः** (क) यो निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४) **मौजुदा व्यवस्थाको विश्लेषणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा (२) को खण्ड (ञ) (ट) (ण) (न) (प) र उपदफा (४) को खण्ड (ङ) मा प्राकृतिक स्रोतहरु, विकासका पूर्वाधारहरुको संरक्षण, सम्बर्द्धन, विपद व्यवस्थापन तथा जलाधार व्यवस्थापन सम्बन्धी मूलभूत विषयहरुको देहाय अनुसारको व्यवस्था गरेको पाइन्छः

(१) वातावरण संरक्षण र जैविक विविधताः-

क) स्थानीय वौद्धिक सम्पतिको संरक्षण, प्रवर्द्धन, अभिलेख

ख) वातावरण संरक्षण सम्बन्धी स्थानीय नीति कानून, मापदण्ड, योजना तर्जूमा कार्यान्वयन, अनुगमन नियमन

ग) स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण

घ) स्थानीयस्तरमा न्यून कार्वन उत्सर्जन तथा वातावरण मैत्री विकास अवलम्बन

ङ) स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन

(२) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकः स्थानीय ग्रामीण तथा कृषि सडकको रेखदेख र व्यवस्थापन

(३) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापनः

क) साना सिंचाई निर्माण

ख) कृषक क्षमता विकास

ग) कृषि सामग्री आपूर्ति

घ) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन

(४) विपद व्यवस्थापनः

क) स्थानीय स्तरमा विपदपूर्व तयारी तथा प्रतिकार्य योजना

ख) स्थानीय तटबन्ध, पहिरो नियन्त्रण

ग) विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय स्तरको सहयोग, समन्वय र सहकार्य

घ) समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम संचालन

(५) जलाधार, वन्यजन्तु, खानी तथा खनीज पदार्थको संरक्षणः

क) जलाधार वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन

ख) पानी मुहानको संरक्षण

ग) सामुदायिक भू-संरक्षण र सो मा आधारित आयआर्जन कार्यक्रम

घ) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकुलन

(६) वन जङ्गल, वन्यजन्तु र चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधताः

क) स्थानीय स्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन

ख) स्थानीय स्तरमा रहेका सार्वजनिक खाली जग्गा, खर पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन

ग) नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, रोपन र प्रवर्द्धन

घ) स्थानीय स्तरको जोखिम न्यूनीकरण

ङ) जैविक विविधताको अभिलेख

च) स्थानीय स्तरमा हरियाली प्रवर्द्धन

छ) स्थानीय स्तरमा वातावरण जोखिम न्यूनीकरण

ज) स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरण मैत्री विकास अवलम्बन

## परिच्छेद - ३

**५) एकीकृत जलाधार व्यवस्थापनका लागि अवलम्वन गरिनु पर्ने सिद्धान्त तथा कार्यनीतिहरू:** दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा मुख्य गरी तापखोला, साप्सुखोला, मेवा खोलाका जलाधार क्षेत्रहरु रहेका हुंदा सो जलाधार क्षेत्रहरुलाई व्यवस्थित गरी पर्यावरणीय सन्तुलन कायम राख्न देहाय बमोजिम सिद्धान्तहरुको अवलम्बन गरिनेछः

(१) जलाधार क्षेत्रहरुको समस्या र अवसरको आधारमा वर्गीकरण गरी प्राथमिकता प्राप्त जलाधारमा तल्लो तटीय र उपल्लो तटीय क्षेत्रको अन्तर सम्वन्ध कायम रहने गरी कार्यक्रम केन्द्रित गर्ने ।

(२) जलवायु परिवर्तनका कारणले पर्न सक्ने सम्भावित जोखिम आंकलन गरी जलाधार स्तरमा आवश्यक र उपयुक्त अनुकूलन/समानुकूलन एवं विपद व्यवस्थापन कार्यक्रम एकिकृत र समन्वयात्मक रुपले संचालन गर्ने ।

(३) वातावरणीय सेवा भुक्तानीको पद्धतिलाई आवश्यकता अनुसार अवलम्वन गर्ने ।

(४) सुख्खा, बाढी, पहिरो जस्ता वहु प्रकोपहरुको जोखिम पहिचान गरी न्यूनीकरण तथा रोकथामका कृयाकलापहरु समन्वयात्मक रुपले जनसहभागिता समेत परिचालन गरी समुदायमा आधारित हुने गरी संचालन गरिनेछ ।

(५) पानी स्रोत सुख्दै जाने क्रमलाई व्यवस्थापन गर्न जल भरण, पुर्नभरण जस्ता कृयाकलापलाई प्राथमिकता दिंदै विकासका पूर्वाधारहरुबाट हुन सक्ने सम्भावित

नकारात्मक असरहरुलाई न्यूनीकरण गर्ने उपायहरु अपनाइनेछ ।

(६) संघ, प्रदेश र स्थानीय तहका कार्यक्रमहरुलाई एकीकृत र समन्वयात्मक तवरले संचालन एवं व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

(७) ग्रामीण सडक तथा अन्य सडकहरुबाट भू-स्खलन तथा वातावरणीय जोखिममा पर्न जाने नकरात्मक असरलाई न्यूनीकरण गर्न सडक पाखा र यसका जलाधार क्षेत्रहरुलाई वातावरण मैत्री, संरक्षणमुखी बनाइने कार्यलाई अन्तर निकायगत समन्वय गरी प्रभावकारिताका साथ कार्यक्रम तर्जुमा गरिनेछ ।

(८) पानीको स्रोतहरुको उपयोग र वहुआयामिक प्रयोगलाई प्राथमिकता दिंदै जल भरण, सिंचाई लगायतका कार्यहरुलाई कृषि प्रणालीसँग समेत आबद्ध गरी उत्पादकत्व अभिवृद्धि गर्दै दिगो उपयोगलाई प्राथमिकता दिइनेछ ।

(९) तथ्यांकमा आधारित रही जलवायू परवर्तन जन्य भू-विपद् ब्यवस्थापन, पूर्वाधार विकासको संरक्षण गर्दै यसका लागि परम्परागत ज्ञान, सिप तथा दक्षताको प्रवर्द्धन गरिनेछ ।

(१०) लैंङ्गिक तथा समावेशिताका सिद्धान्तलाई आत्मसाथ गर्दै प्राप्त प्रतिफलको न्यायोचित वाँडफाँडको कार्यलाई प्राथमिकता दिइनेछ ।

(११) नगरपालिकाभित्र रहेका जनजाति, पिछडिएका महिला, जोखिमयुक्त समुदायहरुको लागि कार्यक्रम तर्जुमा, कार्यान्वयनमा विशेष प्राथमिकता दिइनेछ ।

(१२) सुख्खा क्षेत्र व्यवस्थापनमा वहु क्षेत्रगत निकायहरूको सहकार्य र समन्वय रहने भएको हुँदा साझेदारी र एकीकृत कार्यलाई प्राथमिकता दिइनेछ ।

६) **योजना तर्जूमा तथा कार्यक्रम संचालन र व्यवस्थापनः** प्राकृतिक स्रोत व्यवस्थापन वहु क्षेत्रगत र वहु आयामिक विषय भएको हुँदा सवै तह र निकायहरुसँग एकीकृत र समन्वयात्मक रुपले वार्षिक योजना तर्जूमा गर्ने कार्यलाई प्राथमिकता दिइने छ । यसका लागि नगर क्षेत्र अन्तर्गत कार्य संचालन गरि रहेका तीनवटै तहका सरकारी निकायहरु, गैर सरकारी निकाय, समुदायमा आधारित संगठित संघ संस्थाहरुका अधिकारी/प्रतिनिधिहरूसँग पूर्व योजना तर्जूमा कार्यमा सहभागी गराई एकीकृत र नतिजामूलक योजना तर्जूमाको व्यवस्था मिलाइनेछ। कार्य संचालन तथा व्यवस्थापनको लागि नगरपालिकाद्वारा आवश्यक समन्वय, सहजीकरणका साथै अनुगमन तथा मूल्यांकनको कार्यलाई निरन्तरता दिइनेछ ।

## परिच्छेद - ४

७) **एकिकृत जलााधार व्यवस्थापन समन्वय संयन्त्रको व्यवस्थाः** जलवायु परिवर्तन तथा जलाधार व्यवस्थापन वहु आयामिक र वहुक्षेत्र गत विषय भएको हुंदा प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापनका लागि योजना छनौट, यसको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र मर्मत सम्भार जस्ता कार्यहरुको सहजीकरण र समन्वयका लागि देहाय अनुसारको एकिकृत जलााधार व्यवस्थापन समन्वय संयन्त्र रहने छः

नगर प्रमुख - संयोजक

नगर उप प्रमुख - सह-संयोजक

जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय, खोटाङ - सदस्य

प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका - सदस्य

प्रमुख/अधिकृत प्रतिनिधि वृहत जलाधार व्यवस्थापन केन्द्र (कोशी) - सदस्य

प्रमुख/अधिकृत प्रतिनिधि डिभिजन वन कार्यालय - सदस्य

प्रमुख/अधिकृत प्रतिनिधि भू तथा जलाधार व्यवस्थापन कार्यालय - सदस्य

प्रमुख/अधिकृत प्रतिनिधि कृषि ज्ञान केन्द्र - सदस्य

वन, वातावरण, विपद व्यवस्थापन तथा सरसफाई समिति संयोजक - सदस्य

संयोजकले तोकेको सम्वन्धित क्षेत्रको विज्ञ एक जना - सदस्य

नगरपालिकाको योजना शाखा प्रमुख - सदस्य सचिव

नोटः प्राकृतिक स्रोत व्यवस्थापनसंग सम्वन्धित अन्य संगठित संघ संस्थाहरु, सरकारी गैर सरकारी संघ संस्थाहरु लगायत अन्य समुदायमा आधारित समूहहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

८) **एकिकृत जलाधार व्यवस्थापन समन्वय संयन्त्रको काम, कर्तव्य र अधिकारः** एकिकृत जलाधार व्यवस्थापन समन्वय संयन्त्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एकिकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्यको लागि समन्वयात्मक रुपमा योजना तर्जुमा, बजेट तर्जुमा, कार्यकम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र कार्यरत सरकारी तथा गैर-सरकारी निकायहरुबीच समन्वय गरी एकिकृत जलाधार व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

(ग) एकिकृत जलाधार व्यवस्थापनका लागि स्थानीय, प्रादेशिक तथा संघीय स्तरका सरकारी, गैर-सरकारी एवं विकास साझेदारहरुसँग स्रोतको लागि आवश्यक समन्वय, सहकार्य तथा पहल गर्ने ।

(घ) एकिकृत जलाधार व्यवस्थापनका लागि नगरपालिकामा एक प्राविधिक कार्य समूह (Technical Working Group-TWG) गठन गरी त्यसको आवधिक रुपमा बैठक आयोजना गर्ने ।

(ङ) जलवायु उत्थानशील जीविकोपार्जनका लागि जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरण तथा विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई एकिकृत जलाधार व्यवस्थापनका कार्यहरूमा समावेश गर्ने ।

(च) एकिकृत जलाधार व्यवस्थापन कार्यक्रमका लागि आवश्यकता अनुसारका नीति, रणनीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने ।

९) **अनुगमन तथा मूल्यांकनः** संचालित कार्यक्रमहरुको प्रभावकारीता तथा असर मापनका लागि कार्य तालिका बनाई अनुगमन तथा मूल्यांकनका कार्यहरू गरिने छ। कार्यक्रमको योजना तथा अन्य कार्यलाई प्रभावकारी बनाउन कम्तिमा अर्धबार्षिक रुपमा बैठक गरिने छ ।

## परिच्छेद - ५

१०) **विविधः**

(क) निर्देशिकाको परिदृश्य, परिलक्ष्य र मूल्यहरूः

नेपालको केन्द्रिकृत राजनैतिक परिवर्तन पश्चात शासकीय स्वरुपमा आएको परिवर्तनले सरकारका तीन वटा तहमा समन्वयात्मक, सहकार्य र सहअस्तित्वको अवधारणालाई आत्मसाथ गरेको पाइन्छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले क्षेत्रगत काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको भएता पनि प्राकृतिक स्रोत व्यवस्थापन, विपद व्यवस्थापन, जलवायु परिवर्तनसंग सम्वन्धित एकीकृत मार्गदर्शन, संगठनात्मक, समन्वयात्मक संयन्त्रहरू क्षेत्रगत रुपमा छरिएर रहेका योजना तर्जूमा कार्यान्वयन समेत एक आपसमा तालमेल पूर्ण बनाई वहु आयामिक र जलवायु

परिवर्तन मैत्री बनाई जलाधारीय प्राकृतिक स्रोत साधनहरूको दिगो र प्रभावकारी संचालन, व्यवस्थापन गर्न अति महत्वपूर्ण भएकोले यो निर्देशिका तयार गरिएको छ ।

(ख) नगरपालिकाले संवेदनशील जलाधार क्षेत्रको पहिचान गरी वर्गीकरण गर्ने र सो को संरक्षण तथा उपयोगको लागि कार्य योजना बनाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न सक्नेछ ।

११) **संशोधनः** नगर कार्यपालिकाले यस निर्देशिकामा उल्लेखित केही विषयहरुलाई थपघट गर्नु पर्ने भएमा आवश्यकता र औचित्यताको आधारमा संशोधन गर्न सक्नेछ ।

१२) **खारेजी र बचाउः** यस निर्देशिका लागू हुनु अघि गरेका काम कारवाहीहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

**प्रमाणीकरण मितिः २०७८।०६।०४**

**आज्ञाले,**
**टेकनाथ दहाल**
**प्रमुख प्रशासकीय अधिकृत**